प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८२/०८३ मा पूर्ण शूल्कीय तर्फको स्वास्थ्य बाहेकका कार्यक्रमहरुको रिक्त सिटमा Cut off बाट भर्ना गर्न र पुनः अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८२।०५।०६ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट शैक्षिक शत्र २०८२/०८३ मा संचालन गरिने **प्रि-डिप्लोमा तहका सवै कार्यक्रम र डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेकका कार्यक्रमहरुमा** पूर्ण शुल्कीय तर्फ सिटहरु रिक्त रहेमा भर्ना सम्वन्धी निर्देशिका, २०८२ को दफा १९ बमोजिम रिक्त रहेको सिट संख्या खुलाई सूचना प्रकाशित गरी Cut off/उत्तीर्ण सूचीमा रहेका आवेदकहरुबाट निवेदन माग गरी तोकिएको कोटा बमोजिम योग्यताक्रमानुसार भर्ना गर्नु हुन र सो प्रक्रिया गर्दा समेत सिट रिक्त रहेमा सम्वन्धित शिक्षण संस्थाले "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ को दफा १७ बमोजिम **पूनः भर्ना प्रक्रिया**का लागि Online आवेदन फाराम भराई योग्यताक्रम सिफारिश तथा नतिजा प्रकाशन भए अनुसार भर्ना गर्नु/गराउनु हुन सर्म्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस कार्यालयद्वारा मिति २०८२।०३।२२ गते प्रकाशित सूचनामा उल्लेखित सम्पुर्ण शर्तहरु लागू हुनेछ र "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम तोकिएको मितिमा ITMS Online Entry गरी सम्पन्न गर्नुपर्नेछ ।

**शर्तहरु :**

(१) शिक्षण संस्थाले Cut off/उत्तीर्ण सूचीबाट निवेदन माग गरेको सूचना प्रकाशन गर्दा ५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) मिति २०८२।०३।२२ गते प्रकाशित सूचना अनुसार प्रकाशित नतिजामा पुर्ण शुल्कीय तर्फ जेहेन्दार कोटामा नाम सिफारिश भएको उम्मेदवारले जेहेन्दार छात्रवृत्ति पाउनेछ । Cut off र पुनः छनौट प्रक्रियाबाट आएका उम्मेदवारले जेहेन्दार छात्रवृत्ति पाउने छैन तर कुनै शिक्षण संस्थाको कार्यक्रममा सवै उम्मेदवारहरु पूनः छनौट प्रक्रिया वा Cut off बाट भर्ना भएमा सोही मध्येका योग्यताक्रमानुसार १ जना उम्मेदवारलाई जेहेन्दार छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

(३) Cut off बाट प्राप्त निवेदन भर्ना सम्वन्धी निर्देशिका, २०८२ को दफा १९ को खण्ड (ग) बमोजिम शिक्षण संस्थाको मूल दर्ता कितावमा दर्ता गर्नुपर्नेछ र उक्त दर्ताको प्रमाण रजिष्ट्रेशनको फाइल पेश गर्दा संलग्न राख्नुपर्नेछ ।

(४) भर्ना गर्दा उम्मेद्वारको शैक्षिक योग्यता, नागरिकता, बर्ग खुलेको प्रमाणहरुको सक्कल प्रति रुजु गर्ने जिम्मेवारी शिक्षण संस्थाको प्राचार्यको हुनेछ र छनौट हुन Submit गरेको कागजात र भर्ना हुन जांदा पेश गरेका सक्कल कागजातहरु फरक परेमा भर्ना नगरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

(५) पूर्ण शुल्कीय तर्फका कार्यक्रमको रिक्त सिटहरुमा अनलाईन आवेदन फाराम सम्वन्धित शिक्षण संस्थाबाट वा आवेदक स्वयंले मिति २०८२।०५।०९ गते देखि भर्न सकिनेछ ।

(६) शिक्षण संस्थाले पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुमा अनलाईन आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजातहरु परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा अनलाइन रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको हुनेछ । अनलाइन फाराम भर्न शुरु भएको मिति देखि नै सम्वन्धित शिक्षालयले आफ्नो ITMS को User Log on गरी आवेदकहरुको फाराम अनिवार्य रुपमा रुजु गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको IT शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ ।

(७) शिक्षण संस्थाले अनलाइन इन्ट्री गरेका आवेदकहरुको शिक्षालयबाट रुजु गर्दा निर्देशिकाले तोके बमोजिमको योग्यता र कागजातहरु हेरी Confirm र Reject गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको IT शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ । रुजु गरी Confirm भए पश्चात परिषद्, प्रदेश कार्यालयबाट Approve गरी Application Acceptance Card Number कायम गरिनेछ र नम्बर कायम भएका आवेदकहरुलाई मात्र योग्यताक्रम तथा नतिजा सूचीमा समावेश गरिनेछ ।

(८) शिक्षण संस्थाले उम्मेदवारहरुलाई भर्ना प्रक्रिया गर्दा "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ को दफा १८ र १९ बमोजिमका प्रक्रियाहरुको पुर्ण पालना गर्नुपर्नेछ ।

(९) रिक्त सिटमा उम्मेदवार छनौट, योग्यताक्रम सूची र नतिजा प्रकाशन गर्न सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा सूचना प्रविधि सहितको ३ सदस्यीय कार्यटोलीले कार्य गर्नु पर्नेछ । यस कार्यटोलीले अनलाइन आवेदन फाराम भरेका आवेदकका लागि हप्तामा १ पटक छनौट गरी योग्यताक्रम सूची दिनुपर्नेछ । मिति २०८२ मंसिर २५ गते सम्ममा भर्ना सम्पन्न हुने गरी भर्नाका लागि सिफारिश गरिसक्नुपर्नेछ । सो पश्चात शिक्षण संस्थाको भर्ना तथा रजिष्ट्रेशनको प्रक्रिया बन्द हुनेछ ।

(१०) परिषद्, प्रदेश कार्यालयहरुले प्रदेश अन्तर्गतका शिक्षण संस्थाका कार्यक्रमहरुमा बर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका उम्मेदवारहरु सिफारिश गर्ने कार्य निर्देशिका बमोजिम सुचारु राखी मिति २०८२ मंसिर २५ गते सम्ममा भर्ना हुने गरी सिफारिश गर्नुपर्नेछ । सो पश्चात भर्ना सिफारिश गर्न पाइने छैन ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**